नेपाल सरकार

**मा. डा. मदन प्रसाद परियार**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**
**इमेल:** madan.pariyar1968@gmail.com

## शुभकामना

जलिय प्राकृतिक सम्पदा र सिमसार क्षेत्रहरूको महत्त्व उजागर गर्ने, जलीय पर्यावरणीय सुरक्षा र जलवायु परिवर्तनबारे सार्वजनिक चेतना जगाउने तथा दिगो विकासका लागि प्राकृतिक जलश्रोतहरुको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष फेब्रुअरी २ मा मनाईने विश्व सिमसार दिवसको महत्वपूर्ण अवसरमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट सम्पूर्ण सरोकारवाला, विशेष गरी सिमसार क्षेत्रका वासिन्दा, संरक्षणमा लागि परेका समुदाय, शैक्षिक संस्था, नागरिक समाज, अनुसन्धानकर्ता सवैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस विश्व सिमसार दिवसको अवसरमा म, हाम्रा सिमसार क्षेत्रहरूको संरक्षण, पुनःस्थापना र दिगो व्यवस्थापनका लागि सहकार्य गर्न सबैमा हार्दिक आह्वान गर्दछु।

नेपालको कुल क्षेत्रफलको करिव ५ प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालमा करिव २४२ वटा सिमसार क्षेत्रहरु मध्ये १० वटा सिमसार रामसार क्षेत्र घोषणा भएका छन्। नेपालको हिमाल, पहाड र तराई क्षेत्रमा अन्तराष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्रहरु रहेका र यस्ता क्षेत्रहरु अत्यन्तै मनोरम र उर्वरशिल क्षेत्र मानिन्छन। सिमसार क्षेत्र जैविक, सामाजीक, पर्यावरणीय र आर्थिक दृष्टिबाट अति मूल्यवान प्राकृतिक प्रणालीको अंश अंश हुन र यस्ता क्षेत्रहरुले सिंचाई, मत्स्यपालन, जलविद्युत आयोजना, पर्यटन तथा सांस्कृतिक मूल्यजस्ता विविध सेवामार्फत देशको सामाजिक, आर्थिक विकास, जलस्रोत संरक्षण, कार्बन संचितीकरण र स्थानीय समुदायको जीवनस्तरमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन्। सिमसारले एकातर्फ हाम्रोलागि निशुल्क रुपमा वातावरणीय सेवा तथा अत्यावश्यक वस्तुहरु उपलब्ध गराईरहेको छ भने अर्कोतर्फ जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको असरलाई न्यूनिकरण एवं अनुकुलनको लागि महत्वपूर्ण आधारको रुपमा रहेको छ।

नेपाल रामसार महासन्धी, जैविक विविधता महासन्धी र जलवायु परिवर्तन महासन्धीको पक्षधर राष्ट्र भएकोले सिमसार संरक्षणका लागि कानुनी रूपमा प्रतिवद्ध छ। नेपालमा सिमसार संरक्षण र व्यवस्थापनको लागि विभिन्न ऐन तथा नीतिहरु हाल कार्यन्वयनमा रहेका छन। यद्यपि यस्ता महत्वपूर्ण र जीवनदायी क्षेत्रहरुको हैसियत दिनानुदिन बिग्रदै गईरहेको छ भने जलवायु क्षेत्रको जोखिममा परेका पारिस्थितिकिय प्रणाली मध्ये सिमसार क्षेत्र सवैभन्दा बढि संवेदनशील रहेको छ। सिमसार क्षेत्रको एकोहोरो दोहन, प्रदूषण र मिचाहा प्रजातिको विस्तार तथा अव्यवस्थित मानविय क्रियाकलापका कारण दिनप्रतिदिन नेपालका सिमसार क्षेत्रको हैसियत बिग्रदै गएको अवस्था छ। सिमसार प्रत्यक्ष रुपमा वन तथा वातावरण मन्त्रालयसंग जोडिएको विषय भएतापनि कृषि, उद्योग, सिंचाई, उर्जा, स्थानीय निकायहरुसंग पनि जोडिएकोले त्यस्ता निकाय र स्थानीय समुदाय बिच समन्वय, सहकार्य र साझेदारी आवश्यक छ र यसको संरक्षण सरोकारवाला सबै निकायको साझा एजेन्डा बन्न जरुरी छ। त्यसैले वातावरणीय दिगोपन, मानव कल्याण र भावी पुस्ताको हितका लागि सिमसार क्षेत्रको संरक्षण अपरिहार्य छ।

अन्त्यमा: यस दिवसले सिमसार क्षेत्रको संरक्षण मार्फत दिगो आर्थिक विकास, सामाजिक जीवनको समृद्धिको लागि मार्गदर्शन गर्ने अपेक्षा गरेको छु र यस अवसरमा सम्पूर्ण सरोकारवालाहरुलाई सिमसार क्षेत्रको संरक्षण, दिगो व्यवस्थापन तथा उपयोगका लागि जिम्मेवार र स्वउत्प्रेरित भई थप योगदानमा सहकार्यका लागि आव्हान एवं सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद

.............................................
डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री